
# विकासको नेपाली बाटो: सुशासन र रोजगारी, समाजवादको तयारी



# हँसिया चिन्हमा मतदान गरौं ।

**नेपाल कम्युनिष्ट पार्टी (संयुक्त)**
**केन्द्रीय चुनाव प्रचार समिति २०८२**

# विकासको नेपाली बाटोः सुशासन र रोजगारी, समाजवादको तयारी
# घोषणापत्र २०८२

**आदरणीय नेपाली दाजुभाइ, दिदी बहिनीहरू,**

हामी नेपालीसँग सबै थोक छ । जनसङ्ख्या सानो छ, व्यवस्थापन गर्न सजिलो छ, यो जनसङ्ख्यालाई पुग्ने प्रचुर मानवीय र प्राकृतिक साधन-स्रोत छन्, अनेकौँ जातजाति, सँस्कृति र भूगोलका जनताको सहिष्णुता र साझेदारीको अनुपम उदाहरण छ, सबै नेपालीको अधिकतम हितमा बनेको संविधान छ, इतिहासमा कसैको उपनिवेश नबनेको गौरपूर्ण इतिहास छ । अरु धेरै कुरा हामीसँग छन् । तर हामीसँग एउटा कुरा भएन ः मुलुक बनाउने हाम्रो आफ्नै बाटो भएन, त्यस्तो बाटो देखाउने जिम्मेवार राजनीतिक पार्टी भएन ।

लोकतन्त्र र आर्थिक विकासका विश्वव्यापी मानकहरू छन् तर तिनको घरेलुकरण हुन सकेन भने राष्ट्रले अवसरबाट फाइदा लिन सक्दैन, सङ्कटहरू समाधान गर्न सक्दैन र

आर्थिकरुपले पराधिन बन्दै जान्छ । आज नेपाल त्यही दुश्चक्रमा फस्दै गएको छ। लोकतन्त्र भनेको ‘चुनावदेखि चुनावसम्मको गोलचक्कर’ मात्रै होइन । हरेक निर्वाचनले जनताको जीवनमा नयाँ सम्भावनाको ढोका खोल्दैन भने लोकतन्त्रले गति लिँदैन। त्यसका लागि राजनीतिक दलको मुख्य भूमिका हुन्छ । राजनीतिक नेतृत्वले निर्वाचनलाई सत्ताको खेलमा सीमित बनायो भने जनताको निराशा बढ्छ र त्यसलाई प्रतिगामी, पपुलिष्ट, सामाजिक लफङ्गाहरूले दुरुपयोग गर्न सक्छन्, भूराजनीतिक शक्तिहरूको हस्तक्षेप बढ्छ र राष्ट्रिय स्वाधिनता खतरामा पर्दै जान्छ। भदौ २३ र २४ गतेका नरसंहार र विध्वंशपछि नेपाली समाजको आँत हल्लिएको हामी सबैले महसुस गरेका छौँ।

गणतन्त्रको संविधान बनेपछि हामी आर्थिक व्यवस्था बदल्ने कुरामा केन्द्रित हुनु पर्थ्यो । तर हरेक निर्वाचनमा हामीले नयाँ नयाँ परियोजना अगाडि सार्‍यौँ । समयले मागेको नयाँ आर्थिक व्यवस्था थियो तर हामीले परियोजना दियौँ। पुरानै बाटो हिँडेर नयाँ गन्तव्यमा पुगिँदैनथ्यो, हामी पनि नयाँ गन्तव्यमा पुगेनौँ। आगामी फागुन २१ गते हामी

फेरि निर्वाचमा जाँदैछौँ र फेरि नयाँ परियोजनाहरूको बाढी आउँदैछ । आज हामी जुन अप्ठेरोबाट अगाडि बढ्दै छौँ यसबेला मुलुकले रङ्गिन घोषणपत्र र आश्वासनभन्दा यसका कारण के हुन् र वास्तविक समाधानका उपाय के हुन् भनेर खोजेको छ । यस अवस्थामा एउटा जिम्मेवार राजनीतिक पार्टीका हिसाबले इतिहास र वर्तमानका नाङ्गा यथार्थलाई मुलुकका सामु अगाडि राख्दै हाम्रो प्रतिबद्धतापत्र पेश गर्दछौँ ।

यस निर्वाचनमा पार्टीका तर्फबाट सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीसमक्ष हाम्रा प्रतिबद्धतापत्र प्रस्तुत गर्दा सर्वप्रथम हाम्रा सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति श्रद्धाञ्जली अर्पण गर्दछौँ र नेपाल राष्ट्र निर्माणमा योगदान गर्ने सम्पूर्ण पुर्खाहरूमा सम्मान व्यक्त गर्दछौँ । देशमा हालै भएका घटनाक्रम, हाम्रो आर्थिक पराधिनताको इतिहास लगाएत देशका जल्दाबल्दा समस्याका बारेमा हाम्रा दृष्टीकोण प्रस्तुत गरेका छौं ।

## अवाञ्छित तर अपरिहार्य निर्वाचन

अकस्मात र अवाञ्छित भवितव्यका कारणले आज हामी नेपालीहरू निर्वाचनमा जाँदैछौँ । लोकतान्त्रिक गणतन्त्रको संविधानले राजनीतिक पार्टीहरूको काँधमा ठूलो जिम्मेवारी सुम्पिएको थियो । नेताहरू नालायक हुँदै गएपछि समाजमा असन्तोष र आक्रोश थुप्रिँदै गयो र जेन्जी प्रदर्शनको पृष्ठभूमि निर्माण भयो । त्यस प्रदर्शनलाई हिंसात्मक बनाएर विध्वंशकारीहरूले नेपालको सार्वभौमसत्तामाथि आक्रमण गरे, देशभरी आगजनी, तोडफोड र लूटपाट मच्चाए । यस तथ्यलाई स्थापित नगरीकन हामी निर्वाचनमा जाँदैछौँ ।

सरकारले राजीनामा दिएपछि संसदबाटै नयाँ सरकारको गठन हुनु पर्थ्यो । तर मुख्य पार्टीका नेताहरू नालायकीको भारले थिचिएका हुँदा संसदबाटै नयाँ सरकार गठन गर्ने नैतिक साहस तिनीहरूमा थिएन । बरु संविधानका केही धाराहरू मिचेर भए पनि सरकार बनाउन, संसद विघटन गर्न र निर्वाचनको घोषणा गर्न तयार भए । विगतमा पनि पार्टीहरूबीच राजनीतिक अविश्वास र भूराजनीतिक स्वार्थले खिलराज रेग्मीको नेतृत्वमा सरकार, संविधान

सभाको विघटन र संविधान सभाको नयाँ निर्वाचनको प्रबन्ध गरिएको थियो। अहिले सुशिला कार्कीको नेतृत्वमा सरकारको गठन, संसदको विघटन र नयाँ निर्वाचनको घोषणा भएको छ र यस्ता घटना/दुर्घटना नेपालको राजनीतिमा नियमित आकस्मिकता हुँदैछन्। लोकतान्त्रिक स्थिरता र स्वाधिनताका साथ समृद्ध हुने नेपाल राष्ट्रको आकाङ्क्षामाथि एकपछि अर्को खतरा बढ्दै छ।

यस्तो असामान्य राजनीतिक विषयलाई सरकारी जाँचबुझ आयोगको जिम्मा लगाएर हामी निर्वाचनमा जाँदैछौं। जाँचबुझ आयोगको प्रतिवेदन पूर्वनिर्धारितजस्तै छ। त्यसले सामाजिक सञ्जालमाथि प्रतिबन्धका कारणले नौजवान युवा पुस्तामा सिर्जित असन्तुष्टीबीच जेन्जी प्रदर्शन आयोजना भएको, त्यसैक्रममा उग्र समूहले संसद भवन पस्न खोजेपछि प्रहरीको गोलीबाट कलिला नौजवानहरू मारिएको र त्यसबाट अझ उग्र भएको भिडले भोलीपल्टको आगजनी, तोडफोड र लुटपाटका घटना घटाएको प्रतिवेदन दिनेछ। यसरी त्यस घटनाको भयावहता सामसुम पारिने छ।

जेन्जी प्रदर्शन र विध्वंशपछि एउटा राष्ट्रिय राजनीतिक समीक्षा र न्युनतम समझदारीको खाँचो थियो । त्यसले आगामी निर्वाचनपछि मुलुकलाई निर्देशित गर्थ्यो । ठूलो राष्ट्रिय क्षतिबाट भविष्यका लागि ऐतिहासिक शिक्षा लिन सकिन्थ्यो । भविष्यमा यस्ता घटना दोहोरिन नदिन समाज सतर्क हुन्थ्यो । तर त्यो भएन । अन्त्यतः मुख्य रानजीतिक पार्टी र तिनका नेताले गरेका नालायकीलाई र नेपालको लोकतान्त्रिक सम्प्रभुतामाथि भएको आक्रमणलाई मौन स्वीकृति दिएर हामी निर्वाचनमा जाँदैछौँ । इतिहासमा कहिल्यै नबेहोरेको आघातको राजनीतिक तथा संवैधानिक वैधताको परिक्षण नगरिकन अर्थात् अझ ठूला दुर्दिनका सम्भावनालाई खुलै राखेर हामी निर्वाचनमा जाँदैछौँ । यसैले घटनाक्रमहरूको यथार्थ मूल्याङ्कन गर्दै आफ्ना धाराणाहरू स्पस्टका साथ राखेर हामी आम जनताको लागि सचेत र जागरुक बनाउने उद्देश्यका साथ आम चुनाबमा जाँदैछौं ।

## आर्थिक परनिर्भरता : अपमानको आधुनिक इतिहास

खर्च गर्ने तर उत्पादन नगर्ने राणाकालीन राज्यको चरित्र त्यसपछिका व्यवस्थामा पनि बदलिएन । राजाको

पञ्चायती कालमा भन्सार, मालपोत र व्यापारको राजस्व राज परिवार, राज्य-प्रशासनयन्त्र र ठूला पञ्च तथा कर्मचारीको भ्रष्टाचारमा जान्थ्यो । व्यापारी र दरबारको गठबन्धनले दलाल पुँजी बलियो हुँदै गयो । नेपाल विश्व बैंक र अन्चराष्ट्रिय मुद्राकोषको सदस्य बन्यो तर सँगसँगै पराधिनता पनि बढ्यो । दोश्रो विश्वयुद्धपछि शीतयुद्धकालीन भूराजनीतिले गर्दा नेपालमा अमेरिका, युरोप, चीन, भारत, सोभियत सङ्घबाट विकास अनुदान आयो । केही रणनीतिक सडकहरू, महत्वपूर्ण कलकारखाना, शिक्षा, स्वास्थ्य र सञ्चारका क्षेत्रमा कतिपय महत्वपूर्ण काम भए । ती सबै परियोजना उनीहरू आफैले बनाइदिए । शीतयुद्धको यस्तो अवसर सिङ्गापुर, कोरिया, ताइवान, हङ्कङ्, मलेशिया र थाइल्याण्डआदि देशले पनि पाएका थिए । तर ती मुलुकले त्यस अवसरलाई आफ्नो उद्यमको विकासमा लगाए । जब विदेशीले अनुदान दिन छोडे त्यसबेला उनीहरू आफैँ उभिन सक्ने भैसकेका थिए । तर नेपाल भने विदेशीले बनाइदिएका कारखाना चलाउन पनि नसक्ने भैसकेका थियो । अर्थात् हामीले शीतयुद्धको अवसर पनि उपयोग गर्न सकेनौँ । हाम्रालागि विकासको एक युग खेर गयो ।

वि.स. २०४७ सालमा प्रजातन्त्र आयो । नेपाली काङ्ग्रेसले अनियन्त्रित बजारमा आधारित उदारवादी आर्थिक बाटो लियो । बजारले समृद्धि ल्याइदिन्छ भन्न थालियो । स्कूल, अस्पताल, हवाइजहाज, फोन/मोवाइ , ब्याङ्कहरू खुले । सेवाको बजार बढ्यो । बाटाहरू बने । व्यापार फस्टायो । राजस्व बढ्यो । खर्च पनि बढ्यो । सेवा क्षेत्र र वस्तुको बजारले जनताको खर्च गर्ने ठाउँ बढाए तर उत्पादनको क्षेत्र बढेन, बरु अझै घट्दै गयो । भोटको राजनीतिलाई प्रभावित पार्न एकपछि अर्को सामाजिक सुरक्षा खर्च बढाउदै लगियो । पूर्वाधार खर्च पनि उत्पादनका लागि नभएर ठूला नेताको निर्वाचनमा केन्द्रित भयो । खर्च गर्ने ठाउँ फैलियो आम्दानी हुने ठाउँ साँघुरियो । यस समयमा विचौलिया अर्थतन्त्र असाध्यै फस्टायो, हाम्रो अर्थतन्त्र केवल केही वित्तीय पुँजीपतिहरूको हातमा केन्द्रित भयो । जबकी नवउदारवादी भनिने त्यस समयमा चीन, भारत, ब्राजिल, दक्षिण अफ्रिकालगायत देशले आफ्नो उद्यमलाई विकास गरे र, आफैँ उभिन सके । आज चीनलयायत कैयौँ देशहरू विकासको तिब्र गतिमा दौडेका

छन् । हामीले त्यो अवसर पनि गुमायौँ । हाम्रो विकासको अर्को युग खेरा गयो ।

एकातिर माओवादी द्वन्द्व, शान्ति सम्झौतापछिको लामो संक्रमण काल, महाभूकम्प, कोभिड महामारी आदिले उत्पादनमा ठूलो क्षति गरे । अर्कोतिर अर्थतन्त्रको पराधीन चरित्रलाई फेर्नेतर्फ कम्युनिष्ट पार्टीहरूले समेत ध्यान दिएनन् । वैदेशिक रोजगारीबाट बढेको र उपभोक्ता बजारबाट भएको बचत पनि घरजग्गामा गयो । संविधानको निर्माण र राज्यको पुनर्संरचनापछि बढेको प्रशासनिक खर्च र विकास योजनाको माग धान्न सरकार वाह्य र आन्तरिक ऋणमा भर पर्दै गयो । यसरी हाम्रो अर्थतन्त्र झन्झन् पराधीन र जोखिमपूर्ण बन्दै गयो । आर्थिक पराधीनता बढ्यो, स्वतन्त्रतापूर्वक निर्णय गर्ने राष्ट्रको क्षमता कमजोर हुँदै गयो । बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय मञ्चमा हामी हेपिँदै गयौँ । अनेकौँ सन्धी/सम्झौता र अन्तरराष्ट्रिय निर्णयमा हामीले राष्ट्रिय हितको रक्षा गर्न सकेनौँ । आफ्नो आन्तरिक राजनीतिलाई दाउमा लगाएर महाकाली सन्धी

भएको थियो, एमसीसी सम्झौता पनि त्यसरी नै भयो । पुराना पार्टीहरूको राजनीतिक नेतृत्व कति कमजोर छ भन्ने कुरा ती उदाहरणले देखाउँछन् ।

अरु कतिपय मुलुकले समृद्धिको आफ्नो बाटो बनाए तर हामीले बनाएनौं । अनुदानमा देशविकास गर्ने राजाको बाटो विदेशीले बनाइदिएको बाटो थियो, नेपालको बाटो थिएन । प्रजातन्त्रपछि हामीलाई उनै विदेशीले भने : सबै कुरा बजारलाई देउ, त्यसैले विकास गरिदिन्छ । हामीले पत्यायौं । तर त्यो पनि हाम्रो बाटो थिएन । गिरिजा, देउवा, ओली वा प्रचण्ड त्यही बाटोमा हिँडे, राजकै गल्ती दोहऱ्याए । नेपाललाई सिङ्गापुर, स्वीट्जरल्याण्ड इत्यादि बनाउने कुरा गरे । अरुको बाटो हिँडेर आफ्नो गन्तव्यमा पुग्न सकिन्नथ्यो । परिणाम के भयो भने हामीले हाम्रा सन्तानलाई देशभित्रै रोजगारी दिन नसक्ने भयौं । युवा पलायन बढ्यो । हाम्रो उत्पादन झन् कमजोर हद्रँदै गयो । संविधान बनेको १० वर्ष बितिसकेको छ । आर्थिक परनिर्भरताको अपमानपूर्ण इतिहासका बारेमा छलफल नै नगरिकन हामी चुनावमा जाँदैछौं । त्यसले गर्दा कुनै न कुनै

रुपमा हामीमाथि सङ्कटहरू आइरहने छन्, राजनीतिक अस्थीरता भइरहने छ र नेपाल अझ पछि पर्दै जानेछ । आमजनतालाई यही खतरा बारे सचेत बनाउनु हामीले आफ्नो कर्तब्य ठानेका छौं ।

## राज्य र नागरिक : संविधानको यक्ष प्रश्न

राज्यले मुख्यतः दुइवटा काम गर्छ । एक, नागरिकका अधिकारहरूको रक्षा गर्छ दुई, नागरिकका कर्तव्यको पालना गराउँछ । नगारिकका अधिकारको रक्षा गर्न नसक्ने राज्यले तिनलाई कर्तव्य पालना गराउन सक्दैन र सधैँ सङ्कटग्रस्त हुन्छ । आज हाम्रो राज्यले यस्तै सङ्कटको सामाना गरिरहेको छ । हामीले संविधानमा नागरिकका जुन जुन हक-अधिकार उल्लेख गरेका छौँ तिनको कार्यान्वयन हुने हो भने आजको हाम्रो जीवनको अवस्था नै बदलिने छ । कुनै नागरिक बेरोजगार रहँदैन, कुनै नागरिकले जातीय, लैङ्गिक, भौगोलिक, साँस्कृतिक, धार्मिक विभेद व्यहोर्नु पर्दैन, सबैले समानरुपले सम्मानपूर्वक बाँच्न पाउँछन्, कुनै पनि नागरिक भोको, नाङ्गो, आवास नभएको, अशिक्षित, औषधी/उपचारबाट बञ्चित हुनु पर्दैन । त्यस्तै, संविधानले

आत्मनिर्भर, स्वतन्त्र र समाजवाद उन्मुख अर्थतन्त्र र शोषणरहित समाजको निर्माण गर्नु राज्यको नीति र दायित्व हो भनेको छ । तर हाम्रो राज्य त्यो दायित्व पूरा गर्नेतर्फ हिँडिरहेको छैन । अर्कोतर्फ नागरिकले आफ्ना माग वा दावीका लागि बोल्ने, सङ्गठित हुने, विरोध गर्ने पाउने अधिकारसमेत संविधानको मौलिक हकमै ग्यारण्टी गरेको छ। यसरी संविधानले दिएका अधिकारले बलियो भएको नागरिक एकातिर छ भने संविधानले तोकेको दायित्व पूरा गर्न नसक्ने कमजोर राज्य अर्कोतिर छ। यो अन्तरविरोधले गर्दा सङ्कटहरू आइरहन्छन् ।

राज्यले संविधानको परिकल्पनाअनुसार काम गर्दैछ भन्ने विश्वास भएसम्म नागरिकले धैर्य गर्छ । त्यो विश्वास टुटेपछि नागरिक र राज्यका बिचमा खटपट सुरु हुन्छ, राज्यले नैतिक वैधता गुमाउन थाल्छ। क्रमशः राजनीतिक र संवैधानिक वैधता गुम्न थाल्छ। लोकतन्त्रमा राज्य शक्तिको श्रोत जनता हुन् तर जनताले त्यसको अभ्यास राजनीतिक पार्टीहरूमार्फत् गर्छन् । अर्थात् राजनीतिक पार्टीहरू जस्ता हुन्छन् राज्य त्यस्तै हुन्छ । संसदीय व्यवस्थालाई हामीले

घरेलुकरण गर्न नसक्दा जनता र पार्टीको सम्बन्ध कमजोर हुने गरेको छ। किनकि जनताले एक पटक भोट हालेपछि निर्वाचित सांसद ५ वर्षका लागि स्वतन्त्र हुन्छ । जुन सांसदमार्फत् नागरिकले पार्टीसँग सम्बन्ध बनाएको थियो त्यो सांसद नै नागरिकबाट टाढा भएपछि नागरिक पनि पार्टीबाट टाढिँदै जान्छ। त्यस्तै, सांसद आफ्नो निर्वाचन क्षेत्रबाट निर्वाचित हुने हुँदा उसले राष्ट्रको बारेमा सोच्नु पर्दैन। निर्वाचन क्षेत्रका केही धनी, जातीय तथा सामुदायिक नेता र पैसाले प्रभावित पार्न सकिने मानिसहरूलाई रिझाएपछि चुनाव जितिने भएकाले सांसदहरू राष्ट्रिय विषयमा बेखबर हुन, विचौलियाको वारिस बन्न सजिलो हुन्छ। ती सांसद र उनीहरूको पार्टीले मुलुकको समृद्धि र दूरगामी भविष्यको बारेमा सोच्नु पर्ने अवस्था नै हुँदैन । निर्वाचन व्यक्तिको निर्वाचन हुन्छ, मुलुकको नीति तथा योजनाको निर्वाचन हुँदैन । त्यसले दलाल पुँजीवाद वा विचौलियातन्त्रलाई सघाउँछ। सङ्क्षेपमा, अहिलेको राजनीति र अर्थतन्त्रमाथि पुनर्विचार गरेर त्यसलाई घरेलुकरण नगर्दासम्म हाम्रो राज्य र नागरिकका अन्तरविरोध कायमै रहने छन्, नयाँ नयाँ विध्वंशहरू मुलुकले ब्यहोरिरहने छ।

## कम्युनिष्ट पार्टी : गौरव र चुनौति

नेपालको राजनीतिमा कम्युनिष्ट पार्टीले अद्वितीय मूल्यहरू स्थापित गरेको छ। अपमान, विभेद, परिचयहीनता, शोषण तथा दमनमा रहेको श्रमजीवी वर्गका मुद्दालाई उठाउँदै राष्ट्रिय राजनीतिमा स्थापित गरेर यस पार्टीले नेपालको नयाँ राजनीतिक इतिहास सुरु गरेको हो। दोश्रो, यो पार्टी नेपाली जनताको राष्ट्रिय स्वाधिनता तथा स्वतन्त्रताको लागि निरन्तर सङ्घर्ष गरेको ज्युँदो आन्दोलन हो। तेश्रो, लोकतान्त्रिक आन्दोलन गणतन्त्रमा मात्रै पूर्ण हुन्छ भन्ने मुद्दा पनि यही पार्टीले स्थापना कालदेखि अगाडि सार्दै आएको हो। यसरी तीन वटै मोर्चामा एकसाथ उभिनु यस आन्दोलनको मौलिकता हो, गौरव हो। नेपालको संविधानमा त्यस आन्दोलनले स्थापित गरेका राष्ट्रियता, लोकतन्त्र र जनजिविका सम्बन्धी योगदानको छाप स्पष्टै छ।

कम्युनिष्ट आन्दोलनको योगदानलाई आम जनताले स्वीकार गरेका छन्, समर्थन गरेका छन्। तर पछिल्लो समय कम्युनिष्ट आन्दोलनका कतिपय नेताहरूका कारण

यसले अनेकौँ प्रश्नहरूको सामना गर्नु परेको छ। खासगरी संविधान बनिसकेपछि रोजगारी र सुशासनलाई केन्द्रमा राखेर राष्ट्रिय पुँजीको विकास गर्दै समाजवादको तयारीमा योजनाबद्ध पहलकदमी गर्नु पर्थ्यो तर नेपाली काङ्ग्रेस र कम्युनिष्ट पार्टीहरूले आफ्नो जिम्मेवारी पूरा गरेनन्। बुर्जुवा पार्टीहरूका लागि त्यो स्वाभाविक भए पनि कम्युनिष्ट पार्टीले आफ्नो क्रान्तिकारी चरित्रलाई गुमाउनु हुँदैनथ्यो। अर्कोतर्फ उनीहरू व्यक्तिवादी बन्दै गए, जसरी पनि सत्तामा बसिरहनका लागि पार्टीभित्रै जालझेल गर्ने, गुटबन्दी गर्ने र असहमति सुन्नै नसक्ने हुँदै गए। ती पार्टी विचारहीन, सिद्धान्तहीन र राजनीतिहीन हुँदै गए। पार्टीको आन्तरिक जनवाद मर्दै गएपछि समाजसँग पार्टीको सम्बन्ध औपचारिक हुँदै गयो। नेताका सत्तालिप्साको जिम्मेवारी कार्यकर्ताले, पार्टीले लिनु पर्ने भयो। भदौ २३ र २४ गते भएका विस्फोटका आवाजबाट समेत यिनीहरू ब्युँझेनन्। त्यसले समाजमा उत्पन्न गरेको प्रतिक्रिया अहिले तिनीहरूले, तिनका पार्टीले र समग्र आन्दोलनले भोगिरहेको छ।

संविधान बनेपछि सत्तामा बसेका पार्टीले जुन गैरजिम्मेवारी र उत्तरदायित्वहीनताको प्रदर्शन गरिरहेका थिए त्यसको

निकास ती पार्टीबाट नदेखेपछि जनताको असन्तुष्टि र आक्रोश नयाँ पार्टीतर्फ आकर्षणमा देखिँदै गएको थियो । त्यो बढ्दै गयो । पुराना पार्टीका नालायकीले जतिजति विकर्षण बढ्दै गयो त्यो विकर्षण नयाँ भनिने पार्टीतर्फ आकर्षणमा बदलिँदै गयो । त्यसमाथि भदौ २३ र २४ गतेको विध्वंशका शक्तिहरूको सेकताप र सामाजिक सञ्जालको शक्तिशाली माध्यमले राष्ट्रिय स्वतन्त्र पार्टीजस्ता विचारहीन शक्तिहरू राजनीतिको मूलधारमा आएका छन् ।

अहिले निर्वाचनको मैदानमा मुख्य शक्तिका रुपमा एकातिर ती पुराना शक्तिहरू छन् जसले आफ्नो अयोग्यता सावित गरिसकेका छन् । अर्कोतर्फ ती नयाँ पार्टी छन् जसलाई राष्ट्रले भोगीरहेका समस्याको कुनै परबाह छैन । मानौँ उनीहरू रङ्गमञ्चमा आएपछि मात्रै नेपाली राजनीतिको इतिहास सुरु भएको हो । यसरी नेपालको राजनीति अँध्यारोतर्फ जाँदैछ, दुर्घटनातर्फ जाँदैछ । यस्तो अवस्थामा मुलुकले विचौलियातन्त्रका सहयोगी तथा आन्तरिक लोकतन्त्र मरिसकेका पुराना ठूला पार्टीहरूको विकल्प खोजेको छ । त्यस्तै, नयाँ भनिने सिद्धान्तहीन, विचारहीन, पपुलिष्ट

पार्टीहरूको पनि विकल्प खोजेको छ। यो राष्ट्रिय राजनीतिक निराशालाई चिर्न सक्ने नयाँ क्रान्तिकारी शक्तिको आशा गरेको छ । हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) समयको त्यस मागलाई पूरा गर्न प्रतिबद्ध छ । आन्तरिक लोकतन्त्रलाई ग्यारण्टी गर्दै दलाल पुँजीवादसँग लड्न सङ्कल्पबद्ध छ ।

करिब ५ वर्ष अदालतको मुद्दा खेपेर निर्वाचनको ठिक अगाडिमात्रै कानूनी वैधता पाएको र त्यसपछि मात्रै पुनर्गठित भएको कारणले गर्दा हाम्रो पार्टीले निर्वाचनको तयारीका लागि अपेक्षित समय पाएन । निर्वाचनको परिणामलाई नै प्रभावित पार्ने र मुलुकको राजनीतिक सङ्कटमा निर्णायक भूमिका खेल्ने अवस्थामा अहिले हाम्रो पार्टी छैन । तर जुन परिस्थितिमा निर्वाचन हुँदैछ र मुलुकले निकास नपाउने अवस्था बनेको छ यसबारे जनतालाई बताउनु आफैमा ऐतिहासिक राजनीतिक काम हो। हामीले जनताका बीचमा गएर सङ्कटपूर्ण राजनीतिक परिस्थितिका बारेमा बताउने छौं । हाम्रो पराधीनताको अपमानपूर्ण इतिहासलाई बदल्ने तथा संविधानको कार्यान्वयन गर्दै मुलुकलाई समृद्धि

र समाजवादतर्फ अगाडि बढाउने राजनीतिक पार्टीको आवश्यताबारे बताउने छौँ । प्रत्यक्षतर्फ ३५ जना र समानुपातिकतर्फ १०९ जना उम्मेदवारहरूमध्ये विजयी हुने हाम्रा प्रतिनिधिसभा सदस्यले भोलीको मुलुकको राजनीतिमा पार्टीको तर्फबाट राष्ट्रको पक्षमा खेल्नु पर्ने भूमिका खेल्ने छन् । पार्टीले जनजागरण, जनपरिचालन र जनसङ्घर्षका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नेछ । सङ्क्षेपमा, यस निर्वाचनमा हाम्रो सहगागिता कम्युनिष्ट आन्दोलनको गौरवको रक्षा गर्दै वर्तमान चुनौतिको सामना गर्ने शक्तिका रुपमा अगाडि बढ्ने पहलदमी हो ।

हाम्रो प्रयास सबै कम्युनिष्टहरू व्यक्तिवाद र संकीर्णताबाट मुक्त भएर एउटै कम्युनिष्ट केन्द्र बनाउनका लागि हुनेछ, नेपाली काङ्ग्रेस उदारवादको नाममा अझ दक्षिणपन्थी नहोस् भन्नका लागि हुनेछ, पपुलिष्टहरूले विचार र सिद्धान्तको खुट्टा टेकुन् भन्नका लागि हुनेछ, त्यसबाट प्रभावित जनमत, खासगरी युवाहरूलाई पुपुलिज्मका खतराबाट बचाउनका लागि हुनेछ, र पुनरुत्थानवादीहरूलाई सन्दर्भहीन बनाउन सकियोस् भन्नका लागि हुनेछ । र, मुलुकले कस्ता

राजनीतिक तथा आर्थिक नीति र कार्यक्रमहरू अवलम्बन गर्नु पर्छ भन्ने कुरा जनताका बीचमा राख्नु हाम्रो सर्वोपरी प्रयास हुनेछ ।

## आज नेपालको मुख्य काम : उद्यमी राट्रको निर्माण

आज मुलुकका सामु दुईवटा कार्यभार छन् : १.नेपाललाई आर्थिक पराधीनताको अपमानपूर्ण इतिहासबाट मुक्त गर्नु र स्वाधीन अर्थतन्त्र निर्माण गर्नु, त्यस्तो राजनीति स्थापित गर्नु २. सबै नागरिकलाई संविधानले कबोल गरेका हक-अधिकारको अभ्यास गर्न सक्ने बनाउनु, त्यस्तो राज्य बनाउनु । त्यस्तो आत्मनिर्भर अर्थतन्त्र र राजनीतिले राष्ट्रलाई पराधीनताबाट मुक्त गर्छ, राष्ट्रिय पुँजीको विकास गर्छ र उद्यमी राष्ट्र बनाउँछ ।

हामी कहाँ आर्थिक प्रणालीबारे दुईवटा अतिवादी धारणा छन् : एकथरीले नीजी क्षेत्रलाई अर्थतन्त्र जिम्मा लगाएपछि त्यसले सबैथोक गर्छ, ठूलो विदेशी लगानी भित्र्याउँछ, नयाँ उन्नत प्रविधि ल्याएर तिब्र आर्थिक बृद्धि गर्छ, कर तिर्छ, रोजगारी दिन्छ र मुलुक धनी हुन्छ भन्ने वकालत

गर्छन् । अर्कोथरीले समानताको नाममा आजै सबै सम्पत्तिको वितरण गर्नु पर्छ भन्छन् । अझ भत्ता वितरणलाई नै समाजवाद ठान्ने प्रवृत्ति पनि छ । तर गएका ४० वर्षका अभ्यासबाट के देखियो भने कमजोर सरकारी योजना र नियमनले न त औद्योगिक नीजी क्षेत्रले विकास गर्छ न त उद्यमशीलताको विकास हुन्छ । त्यस्तै, उत्पादन नगर्ने र केवल वितरणमा जोड दिने अर्थतन्त्र आफैँ धराशायी हुन्छ । त्यसैले आजको हाम्रो कार्यभार उद्यमी राष्ट्रको निर्माण गर्नु हो ।

**उद्यम राष्ट्रका मुख्य नीतिहरू :**

- उद्यमशील राष्ट्र निर्माणको पहिलो शर्त मुलुकको श्रमशक्तिलाई उद्यममा ल्याउनु हो । भूमिहीन वा गरिब किसान, असङ्गठित क्षेत्रका सहरी तथा ग्रामीण श्रमिकहरू, विदेशमा गएर श्रम गर्ने मौसमी श्रमिकहरू, जमिन भएर पनि ऋणका कारणले अन्यत्र श्रम गर्नु पर्नेहरू, घरधन्दामा टाक्सीएका महिलाहरू, परम्परागत पेशाले जीवन धान्न नसक्ने वा ती पेशाबाट उखेलिएका दलितहरू सबैलाई उद्यममा ल्याउनु र उनीहरूलाई

न्यूनतम ज्याला वा उपार्जनको संरचनामा ल्याउनु हो । बेरोजगार, अर्ध रोजगार र अल्प रोजगारहरूलाई रोजगारी दिनु हो ।

- अहिले कृषिमा आश्रित हरेक परिवारमा महिनामा न्यूनतम ४०-४५ हजार रुपियाँ भित्रिने व्यवस्था नगर्ने हो भने तिनलाई कृषिमा टिकाउन सकिन्न । आजको गरिबी, बेरोजगारी, युवा पलायनको मुख्य श्रोत संरक्षण नपाएको ग्रामिण कृषि हो । त्यसलाई नभत्काइ हुँदैन । त्यसका लागि कृषि क्षेत्रको संरक्षण गर्नै पर्छ । कृषिको संरक्षण भनेको ५१ प्रतिशत किसानको संरक्षण हो । यो काम अरु कसैले जिम्मा लिँदैन, राज्यले नै जिम्मा लिनु पर्छ ।
- कृषिमा संरक्षणको नीतिले ५ वर्षमा हामी कृषि उत्पादनमा आत्म निर्भर हुन सक्छौँ । त्यसले कृषिमा आधिरित उद्योगको ठूलो क्षेत्र खुल्छ । हजारौँ नयाँ साना-मझौला उद्योगहरू खुल्ने छन् । त्यसले हाम्रो अर्थतन्त्रको बलियो जग बसाल्ने छ ।

- कृषि, बन, पर्यटन, खानी, पानीमा आधारित उद्योगहरूको योजनाबद्ध विकासलाई प्राथमिकतामा राख्नु पर्छ, संरक्षण गर्नु पर्छ । श्रम-सघन उद्योगहरूलाई प्रोत्साहन गर्नु पर्छ । रोजगारी र उत्पादनका आधारमा निर्यातमुलक उद्योगहरूको प्रतिस्पर्धी क्षमता विकास गर्न आवश्यक वातावरण दिनु पर्छ ।
- उत्पादनमा नयाँ प्रविधि तथा सूचना/सञ्चार प्रविधि आर्थिक बृद्धिको माध्यमको रुपमा विकास गर्न अनुसन्धान तथा विकासका लागि राष्ट्रले सङ्कल्प गर्नै पर्छ । त्यसका लागि आवश्यक कानूनी तथा तथा संरचनागत व्यवस्था र लगानी गर्न तयार हुनु पर्छ ।
- हाम्रा पूर्वाधार, पर्यटन, शिक्षा, स्वास्थ्य, प्रशासन, कानून, राजनीतिलगायत सबै क्षेत्रलाई १० वर्षमा नेपाललाई उद्यमी राष्ट्र बनाउने ध्येयका साथ निर्देशित गर्नु पर्छ, आवश्यकताअनुसार पुनर्गठन गर्नु पर्छ ।
- यसबाट आजको दलाल पुँजीको वर्चस्व भएको अर्थतन्त्रको ठाउँमा राष्ट्रिय पुँजीको विकास हुनेछ । लाखौं नयाँ उद्योगी/उद्यमी तयार हुनेछन् । अहिलेको बेरोजगारी र गरिबी आधारभूत रूपमा उन्मूलन हुनेछ ।

गुणस्तरीय शिक्षा र स्वास्थ्यमा सबै नागरिकको पहुँच सुनिश्चित हुनेछ । दलित, महिला र पछि परेका वा पिछडिएको क्षेत्रका जनतामाथि हुने गरेका परम्परागत विभेदको आधारसमेत उन्मुलन हुनेछ र राष्ट्रिय एकताको अझ सुदृढ आधार तयार हुनेछ ।

- सबै आर्थिक मामिलाको जिम्मा बजारलाई दिएपछि सबै समस्स्या समाधान हुन्छन् भनेर दुनियाँलाई उदारवाद/नवउदारवादको बाटोमा हिँड्न बाध्य गर्ने मुलुकहरू नै आआफ्नो उद्योगको संरक्षणका लागि हिजो आफैले खडा गरेका तथाकथित अन्तरराष्ट्रिय स्वतन्त्र व्यापारका प्रबन्धहरू भत्काउँदै छन्, अरु मुलुकका श्रोतहरूमा आक्रमण गर्दैछन्, व्यापार युद्ध गर्दैछन् । र, हिजो उनीहरूले बनाएको तथाकथित नियममा आधारित विश्व व्यवस्था चर्मराउन थालेको छ । त्यसैले नेपालले भन्न सक्नु पर्छ : हाम्रो राज्यले हाम्रो उद्यमको संरक्षण गर्छ ।
- 'हामीले आफ्नो अर्थतन्त्रको संरक्षण गर्छौं, हाम्रो उद्योगको संरक्षण गर्छौं, हाम्रा उद्योगीको संरक्षण गर्छौं' भन्नका लागि राजनीतिले धेरै जोखिम उठाउन तयार

हुनु पर्छ । गएका ४०/५० वर्षसम्म हामी जसरी विश्व बैंक, अन्तरराष्ट्रिय मुद्रा कोष, विश्व व्यापार सङ्गठनलगायत अन्तरराष्ट्रिय संस्थाहरूमा भर पर्‍यौँ त्यसमाथि पुनर्विचार गर्न तयार हुनु पर्छ, तिनका कैयन् प्रतिबन्धहरूको सामना गर्न तयार हुनु पर्छ, अन्तरराष्ट्रिय ऋणको व्यापार/वकालत गर्ने नवउदारवादी थिङ्क ट्याङ्क, बुद्धिजीवी, कर्मचारी र नेताहरूको रुवावासी सुन्न तयार हुनु पर्छ, नेपालको 'विकास गरिदिने' देशभित्र र बाहिरका नानाथरी सङ्गठनहरूको सामना गर्नु पर्छ। 'आजसम्म तिमीहरूको भर परेर, तिमीहरूका शर्त स्वीकार गरेर हामले तिमीहरूले भनेका आर्थिक तथा वित्तिय र मौद्रिक नीतिहरूको पालना गरिरह्यौँ तर हामी किन पछि पर्‍यौँ ?' 'तिमीहरूसँग लिएको ऋण तिर्न तिमीहरूसँग नै ऋण लिनु पर्ने किन भयो ?' भनेर प्रश्न सोध्न तयार हुनु पर्छ।

- के कुरा साँचो हो भने 'हामीले आफ्नो अर्थतन्त्रको संरक्षण गर्छौं' भन्न सजिलो छैन। विश्व बैंक अन्तर र्राष्ट्रिय मुद्राकोष लगायतले बारम्बार हाम्रो भ्रष्ट राजनीति र कामचोर प्रशासन माथि प्रश्न गर्दै आएका

छन् । त्यसले गर्दा आर्थिक विकास हुन नसकेको कुरा गरेका छन् । र, हाम्रा कुनै पनि सरकारले त्यसको जवाफ दिने नैतिक ठाउँ राखेका छैनन् । हाम्रा नेताहरू, राजनीतिक कार्यकताको ठूलो सङ्ख्या, कर्मचारी, व्यावशायी भ्रष्टाचारमा संलग्न छन् । हामीमाथि भ्रष्टाचारको आरोप नलाग्ने गरी अन्तरराष्ट्रिय मञ्चमा उभिन सक्ने नेतृत्वबिना हामीले अरुमाथि प्रश्न गर्न सक्दैनौँ । त्यसैले उद्यमी राष्ट्र निर्माणको पहिलो शर्त भ्रष्टाचार मुक्त राजनीति हो । त्यसैले भ्रष्टाचार विरुद्धको लडाईलाई राष्ट्रिय लडाईँ बनाउनु पर्छ । त्यसैलाई हामीले चलनचल्तीको भाषामा र साङ्केतिकरुपमा 'घुस नखाने राजनीति, घुस नखाने पार्टी' भनेका हौँ ।

- विदेशी सहयोगमा भर परेर कोही पनि समृद्ध भएको छैन । अब सित्तैमा कसैले दिँदैन र कसैले दियो भने पनि बीनाशर्त दिँदैन । हाम्रो राजनीति, राजनीतिक पार्टी र नेताहरूले यो तथ्यलाई हृदयङ्गम गर्न नसक्नु हाम्रो समृद्धिको असाध्यै ठूलो तगारो हो । अब हामीले भन्न सक्नु पर्छ : 'हाम्रा आवश्यकता र शर्तमा बाहेक विदेशी सहयोग लिँदैनौँ' ।

- सबै नागरिकले कर तिर्ने विस्तारित र प्रगतिशील कर प्रणाली लागू गर्नु पर्छ । 'हरेक नागरिक उद्यमी हुन्छ, हरेक उद्यमीले कर तिर्छ' भन्ने नारा राष्ट्रिय विकासको मन्त्र बनाउनु पर्छ। भ्रष्टाचार र ढिलासुस्ती हटाउँदा अहिलेको राष्ट्रिय आय गुणात्मकरुपले बृद्धि हुन्छ । अहिलेको अर्थतन्त्र १०० खर्ब पुऱ्याउन धेरै समय लाग्दैन । हाम्रो उत्पादन र रोजगारी बृद्धि गर्ने लगानी र प्रविधिका लागि जति खुकुलो र उदार हुनु पर्ने हो त्यसका लागि राज्य तयार हुनु पर्छ, आवश्यक कानूनी र प्रशासनिक व्यवस्था गर्न तयार हुनु पर्छ।
- अहिले हामी संलग्न अन्तरराष्ट्रिय वित्तिय संस्थाहरूको सहयोगलाई अझ प्रभावकारी बनाउँदै ब्रिक्स् अन्तरगत नयाँ विकास बैंक, एसियाली पूर्वाधार विकास बैंक, बिआरआईजस्ता अन्य द्विपक्षीय तथा बहुपक्षीय सँस्था वा संरचनामा सक्रिय सहभागी हुँदै हाम्रो अर्थतन्त्रलाई बलियो बनाउने दिशामा नयाँ उचाईबाट पहलकदमी लिनु पर्छ।
- समग्र अर्थतन्त्रलाई पुनर्गठन नगरी नेपाल अगाडि बढ्नै सक्दैन। युवाहरूको पलायन नरोक्ने हो भने नेपालको

भविष्य डरलाग्दो बन्दै गएको छ । अर्थतन्त्रको पुनर्गठनको मुख्य ध्यान युवाहरूको पलायनलाई रोक्न रोजगारीको सिर्जना गर्नु हुनेछ । कृषि, उद्योग, सूचना-प्रविधि तथा नयाँ प्रविधि, पर्यटनका क्षेत्रमा योजनाबद्धरुपले काम गर्दा नेपाललाई बेरोजगारी मुक्त गर्न सकिन्छ । त्यसले आर्थिक, सामाजिक, राजनीतिक तथा हाम्रो राष्ट्रिय स्वाधिनता तथा अन्तरराष्ट्रिय सम्बन्धमा पार्ने प्रभाव ऐतिहासिक हुनेछ । यसो गर्दा नेपाल साँच्चिकै समृद्धिको नयाँ युगमा प्रवेश गर्नेछ ।

- समाजवाद उन्मुख मिश्रित अर्थतन्त्र हाम्रो आर्थिक मोडल हुने छ । सार्वजनिक, सहकारी र निजी गरी तीनखम्बे अर्थनीति अपनाइने छ । सरकारी लगानीको दायरालाई बढाउँदै लैजाने नीति लिइने छ । सार्वजनिक लगानीलाई आर्थिक इन्जनको त्वरक (एक्सिलरेटर) को रुपमा अगाडि बढाउनु पर्छ ।
- देशको अर्थतन्त्रलाई आत्मनीर्भर बनाउनका लागि स्वावलम्बी आर्थिक नीति अपनाउनु पर्छ । समग्र अर्थतन्त्रलाई उद्यमशील बनाउने अभियान अगाडि बढाउनु पर्छ । सार्वजनिक क्षेत्रको लगानीलाई बढाउँदै

लैजाने र कानुनको दायराभित्र निजी र सहकारीले स्वतन्त्र र भयरहित वातावरणमा काम गर्ने अवस्था सिर्जना गर्नु पर्छ ।

- शिक्षा र स्वास्थ्यको क्षेत्रमा सार्वजनिक लगानीका संस्थाहरूलाई सुदृढ, साधनसम्पन्न र सुशासनयुक्त बनाई आम जनतालाई निजी क्षेत्रको सेवा लिन जानु पर्ने बाध्यता अन्त्य गर्ने नीति अपनाइने छ । सरकारी क्षेत्रलाई राम्रो बनाएर यस क्षेत्रमा भएको निजी लगानीलाई अन्य क्षेत्रमा स्थानन्तरित हुने सहज आर्थिक वातावरण सिर्जना गर्नु पर्छ ।
- अन्तर्राष्ट्रिय व्यापारमा तुलनात्मक लाभको सिद्धान्तलाई ख्याल गरी निर्यातयोग्य वस्तु उत्पादनमा जोड दिनु पर्छ, नेपाली मौलिक वस्तुको ब्राण्ड्रिङ र रैथाने प्रविधिको संरक्षण र अनुसन्धान हाम्रो आर्थिक उत्पादनको मुख्य नीति हुनु पर्छ ।
- आर्थिक र मौद्रिक नीतिका विरोधाभास हटाउनु पर्छ र मौद्रिक नीतिलाई आर्थिक नीतिको सहयोगी बनाउनु पर्छ ।

- नेपाली मुद्रालाई स्वतन्त्र मौद्रिक नीतिमा लागेर कुनै पनि देशको मुद्रासँग स्वतन्त्र प्रतिस्पर्धा हुने नीति अपनाउनु पर्छ।
- बैकिङ्ग लेनदेनको कारोवारमा सिर्जना हुने विवादलाई सहज र सरल तरिकाले समाधान गर्ने कानुनी व्यवस्था गर्नु पर्छ।
- मुल्य अभिबृद्धि कर (भ्याट) लाई बहुदरमा लानुपर्छ, विलाशिता वस्तु र अन्य वस्तुमा लगाइने भ्याटको दर फरक गर्नुपर्छ, स्वदेशी कृषि तथा वनजन्य कच्चा पदार्थ प्रयोग गरि गरिने औधोगिक उत्पादनमा न्यून भ्याटदर लगाउनु पर्छ।
- व्यवसाय संकटमा परी कर चुक्ता गर्न नसकी समस्यामा परेका उद्यमहरूलाई किस्ताबन्दीमा कर चुक्ता गरी व्यवसाय गर्न पाउने सहज वातावरण निर्माण गरिने छ।

## उद्यमी राष्ट्र निर्माणका लागि क्षेत्रगत नीतिहरू

### कृषि :

कृषि मुलुकको खाद्य सम्प्रभूताका साथै मुलुकको स्वाधिनता तथा सम्पन्नतासँग गाँसिएको छ। हरेक कृषकले

उत्पादन गरेको बाली-वस्तुको उचित मूल्य पाउने ग्यारेण्टी नगरिकन कृषिको विकास सोच्नै सकिन्न। कृषि संरक्षणको प्रत्याभूतिले नै कृषिलाई यान्त्रिकरण, आधुनिकीकरण र आत्मनिर्भरतातर्फ लैजान्छ। त्यसैले :

- बीउ, सिचाई, मल, बिजुली आदिमा पर्याप्त अनुदान, सस्तो कृषि ऋण, सबैलाई प्राविधिक सेवा, प्रभावकारी बिमा, सबै बाली-वस्तुको समर्थन-मूल्य निर्धारण र उत्पादित बाली-वस्तु बिक्रीको ग्यारेण्टी गर्नु पर्छ,
- कृषि तथा पशुपंक्षी अनुसन्धान, प्रयोगशाला, राष्ट्रिय कृषि योजना र अन्तराष्ट्रिय बजारजस्ता विषय संघीय र प्रादेशिक सरकारको विशेष जिम्मेवारीमा दिनु पर्छ,
- मल, बीउ, पानी, ऋण, बिमा, भण्डारण, प्राविधिक सेवा-टेवा, चक्लाबन्दी, भूमि बैंक, कृषि प्रसारजस्ता सबै क्षेत्रको व्यवस्थापनको जिम्मा स्थानीय तहको नेतृत्वमा कृषि तथा कृषि सम्बद्ध सहकारी/समुहलाई दिनु पर्छ,
- पहाडको बाँझो र रूख नभएको वन क्षेत्रमा फलफूल र जडीबुटी खेतीको योजनाबद्ध विकास गर्दै उच्च

मूल्यका कृषि तथा बन्य उत्पादनको अभियान सुरु गर्नु पर्छ ।

हाम्रो सानो आकारको भूस्वामित्वको कारणले पनि सहकारी तथा समूहमा आधारित कृषि प्रणालीमा जानै पर्छ । राजनीतिक नेतृत्व प्रतिबद्ध हुने हो भने नेपाल पाँचवर्ष भित्रै नयाँ कृषि व्यवस्था बनाउन र खाद्यान्न, तरकारी, माछामासु र फलफूलमा आत्म निर्भर हुन सक्छ । अहिले नेपालले चार खरब रुपियाँभन्दा बढीको कृषि उत्पादन आयात गरिरहेको छ । कृषि उत्पादनमा आत्मनिर्भर हुँदा चार खरब बराबरको ब्यापार घाटा प्रत्यक्षरुपले कम हुने छ । त्यसले कृषिमा आश्रित ५१ प्रतिशत परिवारका बेरोजगारी, अर्ध तथा अल्प बेरोजगारीको समस्या समाधान गर्छ, खाद्या असुरक्षामा रहेका ३६ प्रतिशत जनताको समस्या समाधान गर्छ र कृषिमा आधारित औद्योगीकरणका लागि बलियो र फराकिलो आधार तयार हुन्छ । यही हो कृषिमा क्रान्ति ।

## उद्योग र रोजगारी :

संसारभरि औद्योगिक विकासको एउटै सूत्र छ : आफ्नो श्रम तथा स्रोतको उच्चतम उपयोग गर्न सक्ने राज्यका नीति । औद्योगिकरणमा सफलता हासील गरेका हरेक मुलुकले आफ्नो उद्योगको संरक्षण गरेका छन् । हाम्रो गणतन्त्रले पनि आज आफ्नो उद्यमको संरक्षण गर्ने राज्य वा राजनीतिक नेतृत्व खोजेको छ । त्यसैले :

- हाम्रा सबै आर्थिक तथा वित्तिय नीतिहरूलाई पुनरावलोकन गरी उद्योग मैत्री बनाउनु पर्छ,
- उपयुक्त मूल्यमा जमीन, सस्तो विद्युत, न्यूततम कर र सहज प्रशासनिक प्रक्रिया प्रत्याभूत गरी हाम्रो श्रमले मूल्य अभिबृद्धि गर्न सक्ने सबै उद्योगको प्रतिस्पर्धी क्षमताको विकास गर्नु पर्छ,
- खाद्यान्न, फलफूल, मासु, दूध, तरकारी, चिया, कफी, काठ, रेशा, जडीबुटी, पानी, सिमेन्टलगायत खानी तथा अन्य नेपाली कच्चा पदार्थमा आधारित उद्योगको विकासका लागि प्रोत्साहनको विशेष व्यवस्था गर्नु पर्छ,
- नेपालको भूगोलका कारणले उत्पादन, विपद्

व्यवस्थापन, बन्य जन्तुबाट कृषि खेतीको रक्षाका क्षेत्रमा नयाँ प्रविधि-ड्रोन तथा रोबोटको उपयोगिता असाध्यै महत्वपूर्ण हुने हुँदा त्यसको अनुसन्धान तथा विकासका लागि विशेष संरचना बनाउन आवश्यक लगानी गर्नु पर्छ,

- राज्यका तीनवटै तहका सरकारको मूल्याङ्कन तिनीहरूले कति उद्यमशील रोजगारी उत्पान गरे भन्ने आधारलाई प्राथमिकताका आधारमा गर्नु पर्छ। सङ्घीय र प्रदेशसँग साझेदारीमा हरेक पालिकामा रोजगारी सिर्जनाका लागि योजना बनाउँदा अहिलेको बेरोजगारी हटाउन धेरै ठूलो उपलब्धी हुनेछ,
- मजदुर तथा श्रमिकका ज्याला, कामको सुरक्षालगायत अधिकारहरू सुनिश्चित गर्दै स्वस्थ औद्योगिक वातावरण निर्माण गर्न आवश्यक प्रबन्धहरू गर्नु पर्छ,
- नेपालका परम्परागत उत्पादन तथा मौलिक प्रविधिको संरक्षण र विकासका लागि योजना बनाउनु पर्छ,
- विप्रेषण र गैरआवासीय नेपालीको पुँजीलाई राष्ट्रिय पुँजी निर्माणको महत्वपूर्ण स्रोतका रूपमा परिचालन गर्न आवश्यक प्रोत्साहनको व्यवस्था गर्नु पर्छ,

- उद्योगसम्बन्धी सबै नीति र योजना १० वर्षमा बेरोजगारी उन्मुलन गर्ने गरी निर्माण गर्नु पर्छ
- रोजगारी र उद्योगको विकासमा योगदान गर्ने कर्मचारी, निर्वाचित प्रतिनिधि, राजनीतिक कार्यकर्ता, सञ्चारकर्मीहरूलाई प्रोत्साहित गर्नु पर्छ,

सङ्क्षेपमा, उद्यमी राष्ट्रको निर्माण अर्थात् राष्ट्रिय पुँजीको विकास राज्यको बलियो योजना र संरक्षणमा मात्रै सफल हुन्छ भन्ने तथ्यलाई ध्यान दिँदै हाम्रो राज्यका नीति तथा कार्यक्रमहरू पनि त्यसैअनुकूल बनाउनु पर्छ । 'हरेक चिज रोजगारी र उत्पादनका लागि' भन्ने अवधारणामा आधारित भएर योजना बनाउँदा उद्यमशील रोजगारीको सिर्जना गर्दै १० वर्षमा औद्योगीकरणको पहिलो चरण पूरा गर्न सकिन्छ, गर्नुपर्छ । आज उद्योगमा हुने क्रान्ति यही हो ।

## शिक्षा :

शिक्षाले मानिसलाई समयअनुसार बौद्धिक ज्ञान तथा प्राविधिक सीपका साथ बाँच्न सक्षम बनाउनु पर्छ । तर आजको शैक्षिक व्यवस्थाले प्राथमिक तहदेखि नै दुई खालका नागरिक उत्पादन गर्दैछ । खासगरी सार्वजनिक

शिक्षामा सबैको पहुँच र गुणस्तरीयता सुनिश्चित गरेर दक्ष जनशक्ति निर्माण गर्नु  आजको चुनौति हो । त्यसका लागि

- आगामी १० वर्षमा आधारभूत तहदेखि उच्चतहसम्मको सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाएर निजी र सार्वजनिक (सामुदायिक) शिक्षाको भिन्नता अन्त्य गर्नु पर्छ,
- सबै बालबालिकालाई विद्यालयको पहुँचको जिम्मेवारी स्थानीय पालिकाले, शिक्षाको गुणस्तरको जिम्मेवारी शिक्षक र सबै व्यवस्थापकीय संयोजनको जिम्मेवारी व्यवस्थापन समितीले गर्ने गरी प्रारम्भिक बाल विकास तथा विद्यालय शिक्षालाई पुनर्गठन गर्नु पर्छ,
- आधारभूत तहपछि विद्यार्थीको रुची र क्षमताअनुसार ७० प्रतिशत प्राविधिक र ३० प्रतिशत सामाजिक तथा व्यवस्थापन सम्बन्धी विषयमा अध्ययनको व्यवस्था गर्नु पर्छ,
- शिक्षामा तीन तहकै सरकारले लगानी गर्ने र खर्च गर्न सक्ने क्षमताको आधारमा अभिभावकको योगदानलाई सुनिश्चित गर्नु पर्छ,

- अहिलेको पाठ्यक्रमलाई अद्यावधिक गरी अझ वैज्ञानिक तथा आधुनिक बनाउनु पर्छ,
- हाम्रा बालबालिकालाई देशभक्ति र समाजप्रति दायित्वशील बनाउने उद्देश्यले माध्यमिक तहको पाठ्यक्रमा देशभरीका सबै विषयका विद्यार्थीका लागि अनिवार्य हुने गरी नेपाल राष्ट्रको निर्माण र विकासमा सबै जात-जाती तथा प्राचीन सभ्यताहरूको योगदान, लोकतान्त्रिक आन्दोलन र नागरिक अधिकार तथा दायित्वसम्बन्धी एउटा पाठ्य पुस्तक समावेश गर्नु पर्छ,
- पठनपाठनमा अवरोध हुने गरी शैक्षिक क्षेत्रमा कुनै पनि बन्द हड्ताल गर्न नपाई व्यवस्था गर्नु पर्छ,

यसरी वास्तविकरुपले नयाँ शिक्षा व्यवस्था निर्माण गर्न सकिन्छ।

**स्वास्थ्य :**

गरिब तथा विपन्न जनताको ठूलो हिस्सा आधारभूत स्वास्थ्य सेवाबाट समेत बञ्चित रहेको र अत्यधिक बजारीकरणले गर्दा ठूला नसर्ने तथा दीर्घ रोगको उपचार

मध्यम वर्गीय परिवारले समेत धान्न नसक्ने अवस्था छ। स्वास्थ्य सेवाका संरचनाको विस्तार भएर पनि उपयुक्त व्यवस्थापन, बिमा, जनशक्ति र औषधि तथा स्वास्थ्य सेवाका अन्य उपकरणको अभाव छ। यसैले :

- ५ वर्षभित्रै आपतकालीन सेवा, विषपान, सडक दुर्घटनाको व्यवस्थापन गर्न सकिने जनशक्ति र आपूर्ति भएको आधारभूत स्वास्थ्य सेवा स्थानीय तहमा नै व्यवस्था गर्नु पर्छ,
- विभिन्न कारणले प्रभावकारी र दिगो हुन नसकेको अहिलेको स्वास्थ्य बिमालाई आयअनुसार बिमा शुल्क लाग्ने प्रणालीद्वारा सबै नागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँचलाई सुनिश्चित गर्नु पर्छ,
- स्थानीयदेखि सङ्घीय तह (आधारभूतदेखि विशिष्ठीकृत) सम्मका अस्पतालहरूमा प्रेषण व्यवस्था (रिफरल सिस्टम) को सुनिश्चितता गर्नु पर्छ,
- स्वास्थ्य शिक्षाबाट उत्पादित सबै जनशक्तिलाई मुलुकको स्वास्थ्य सेवाको आवश्यकताअनुसार निश्चित समय अनिवार्यरुपमा स्वास्थ्य सेवामा लगाउने गरी जनशक्ति व्यवस्थापन गर्नु पर्छ,

- परम्परागत उपचार पद्धतिहरूको खोज/अनुसन्धान गरेर संरक्षण तथा विकास गर्नु पर्छ,

प्रभावकारी कार्यान्वयनमा ध्यान दिँदा १० वर्षमा सबै नेपालीलाई महामारी र नसर्ने घातक रोगहरूको उपचारसमेत गर्न सक्ने स्वास्थ्य व्यवस्था बनाउन सकिन्छ । र, यो राष्ट्रकै लागि क्रान्तिकारी उपलब्धी हुनेछ ।

**पर्यटन :**

धार्मिक/सांस्कृतिक बहुलता तथा साझेदारी र प्राकृतिक तथा भौगोलिक विविधता हाम्रा संसार प्रसिद्ध विशेषता हुन् । काठमाडौँ उपत्यका, पहाडी र मैदानी जनजातिका सांस्कृतिक धरोहरहरू, लुम्बिनी र सगरमाथा, पशुपतिनाथ, जनकपुर, अग्ला पहाड र हिमाल, संरक्षित तथा आरक्षित क्षेत्रहरू, आकर्षक वन्यजन्तु र चराचुरूङ्गी आदिले हाम्रो पर्यटन उद्योगमा ठूला सम्भावना छन् । त्यसको अधिकतम उपयोग गर्न धेरै ढिलो भैसकेको छ । त्यसैले :

- आगामी १० वर्षमा ३० लाख पर्यटक भित्र्याउने र १० लाख प्रत्यक्ष रोजगारी सिर्जना गर्ने योजना

निर्माण गर्नु पर्छ, र यो सम्भव छ,

- राष्ट्रिय ध्वजावाहक हवाई यातायातबिना अन्तरराष्ट्रिय पर्यटकलाई आकर्षित गर्न नसकिने हुँदा प्रभावकारी व्यवस्थापनका साथ जहाजको सङ्ख्यामा बृद्धि गर्नु पर्छ,
- पर्यटन क्षेत्रहरूको वर्गीकरण गरेर प्राथमिकताका आधारमा सडक यातायात, पर्यटन क्षेत्रको संरक्षण तथा सौन्दर्यीकरणजस्ता पर्यटन पूर्वाधारहरूको निर्माण गर्नु पर्छ,
- गुणस्तरीय पर्यटकहरूको सङ्ख्या बृद्धि गर्ने गरी भिसा तथा भन्सार शुल्क निर्धारण गर्नु पर्छ ।
- अन्तरराष्ट्रिय स्तरको फिल्म स्टुडियोको निर्माण गरी पहाडि तथा हिमाली क्षेत्रमा फिल्म सुटिङ् गर्न सकिने व्यवस्था गर्नु पर्छ ।

## सूचना-प्रविधि

उत्पादन र व्यवस्थापनका क्षेत्रमा सूचना-प्रविधिको उपयोग विश्वव्यापीरुपमा अपरिहार्य बन्दै गएको छ । एकातिर सूचना-प्रविधिमा एकाधिकर र केन्द्रीकरणका

लागि तिब्र प्रतिस्पर्धा छ भने अर्कोतर्फ डिजिटल असमानता विकराल बन्दैछ । सूचना-प्रविधिको उत्पादक क्षमताबाट फाइदा लिन र दुस्प्रभावबाट जोगिन हाम्रोजस्ता मुलुकले सम्भव सबै उपायहरू अवलम्बन गर्नु पर्छ। त्यसका लागि :

- सूचना-प्रविधि क्षेत्रमा अहिले र भविष्यका अवसर र चुनौतिहरूको आँकलन र तयारी गर्ने कुरालाई अत्यावश्यकीय महत्वका साथ अगाडि बढाउन अलग्गै प्राधिकरण वा मन्त्रालय स्थापना गर्नेसम्मको तत्परताका साथ त्यस सम्बन्धी काम अगाडि बढाउनु पर्छ,
- देशका सबै पालिकामा तीव्र इन्टरनेट र मोबाइल नेटवर्कलाई आधारभूत पूर्वाधारका रूपमा सुनिश्चित गर्नु पर्छ,
- सूचना प्रविधि क्षेत्रलाई उद्योगको रूपमा विकास गरी आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न स्थानीय आईटी उत्पादन र स्टार्टअपहरूलाई कर छुट, अनुदान र सरकारी प्राथमिकता दिई प्रवर्द्धन गर्नु पर्छ,
- बलियो साइबर सुरक्षा संरचना, डेटा सुरक्षण कानून र राष्ट्रिय साइबर सुरक्षा क्षमता विकास गर्दै सुरक्षित

डिजिटल नेपाल निर्माण गर्नु पर्छ,

- विदेशमा रहेका नेपाली प्रतिभालाई फर्काउन र विश्वस्तरीय विशेषज्ञ आकर्षित गर्न रिमोट वर्क भिसा, फेलोसिप र करमैत्री नीति लागू गर्नु पर्छ,
- अनौपचारिक क्षेत्रलाई डिजिटल पहुँचमा ल्याउन संघीय, प्रदेश तथा स्थानीय तहबाट सूचना प्रविधि तालिमको व्यवस्था गरी उनीहरूको क्षमता अभिवृद्धि गर्नु पर्छ,
- संघीय, प्रादेशिक तथा स्थानीय तहमा सूचना प्रविधि (आईटी) जनशक्तिको सुदृढीकरण गर्दै निजामती सेवा, स्वास्थ्य, शिक्षा, अदालतलगायतमा सूचना प्रविधि सेवाको कानुनी व्यवस्था र सम्भव भएसम्म नेपाली कम्पनीको सेवा उपयोग गर्ने व्यवस्था गर्नु पर्छ,
- डेटा सुरक्षा र गोपनीयताका क्षेत्रमा व्यापक सुधार अत्यावश्यक छ। त्यसैले अन्तरिक आवश्यकता र वैश्विक मापदण्डसँग मिल्ने डेटा सुरक्षा कानूनहरू निर्माण र डेटा गोपनीयता र स्थानान्तरणका विषयमा

जनचेतना कार्यक्रम सञ्चालन गरी डिजिटल प्लेटफर्मप्रति विश्वास अभिवृद्धि गर्नु पर्छ ।

सूचना-प्रविधिका क्षेत्रमा गरिने यस्तो व्यवस्थाले एकातिर आगामी ४/५ वर्षमै एक लाखभन्दा बढी युवालाई सूचना-प्रविधि उद्यममा जोड्न सकिन्छ र त्यसले राष्ट्रिय आयमा धेरै ठूलो योगदान गर्नेछ ।

## पूर्वाधार :

योजनाबद्ध विकासका ७ दशक बितिसक्दा पनि हामीले पूर्वाधार निर्माणबारे भविष्यमुखी राष्ट्रिय सोच बनाउन र स्थापित गर्न सकेका छैनौँ । दाताका अनुदानबाट प्रभावित भएर, अन्तरराष्ट्रिय वित्तिय संस्थाहरूको सिफारिसलाई मानेर, रानजीतिक नेताहरूका निर्वाचन/प्रभाव क्षेत्रको रोजाइ वा यस्तै कारणले परियोजनाहरू बनाउने परिपाटीले गर्दा मुलुकको आवश्यकता ओझेलमा परेको छ। त्यसैले :

- अरुसँग प्रतिस्पर्धा नभएको तर वैकल्पिक उर्जा प्रविधिको विकासले भविष्यमा मूल्यहीन हुन सक्ने सम्भावनालाई समेत ध्यान दिँदै जल विद्युतको

विकासमा १०/१५ वर्षमै हाम्रो आवश्यकताको विद्युत उत्पादन गरिसक्ने गरी योजना बनाउनु पर्छ,

- जलविद्युत उत्पादन तथा प्रशारणको राष्ट्रिय योजना मुख्यतः मुलुकको औद्योगीकरण, पेट्रोलियम पदार्थको प्रतिस्थापन र घरायसी उपभोगजस्ता आन्तरिक आवश्यकताहरू पूर्ति गर्ने र त्यसपछि बाँकी रहने विद्युत बिक्री गर्ने गरी निर्माण गर्नु पर्छ,
- बत्ती बाल्नेमात्रै होइन उत्पादनका कामहरू गर्न सकिने गरी सबै पालिकासम्म भरपर्दो विद्युतीकरण गर्नु पर्छ,
- १० वर्षमा सबैलाई रोजगारी दिन सक्ने गरी कृषि, उद्योग, पर्यटन, सूचना-प्रविधि र अन्य उत्पादनका क्षेत्रहरूको विकास गर्ने उद्देश्यले परियोजनाहरूको वर्गीकरण गरी प्राथमिकताका आधारमा पूर्वाधारका सबै योजना बनाउनु पर्छ,
- उत्पादन र रोजगारीका अवसर बढाउने गरी राष्ट्रिय गौरवका राजमार्ग, उत्तर-दक्षिण कोरिडोर र राष्ट्रिय राजमार्गको विकासलाई प्राथमिकताका साथ निर्माण गर्नु पर्छ,
- सिँचाइको उपयुक्त व्यवस्था हुँदा हाम्रो कृषिको

उत्पादन गुणात्मकरुपले बृद्धि हुन सक्ने तथ्यलाई ध्यान दिई समय तोकेर निर्माण सक्ने गरी सिँचाईका मुख्य योजनाहरू निर्माण गर्नु पर्छ,

- जलवायु परिवर्तन, भविष्यमा बढ्ने पानीको अभाव, नेपालका लागि पानीको रणनीतिक महत्वलाई ध्यान दिँदै चुरेको नजिकबाट पूर्व-पश्चिम नहर बनाउनु पर्छ,
- पूर्वाधारको विकासका लागि निर्माण उद्योग अपरिहार्य छ त्यसका लागि स्वदेशी निर्माण उद्योगको क्षमता विकास गर्न प्रोत्साहित गर्नु पर्छ,
- कुनै पनि निर्माण कार्य सुरु भएपछि अर्को सरकारी निकायबाट अवरोध नहुने कुराको प्रत्याभूति गर्नु पर्छ,
- १० वर्षसम्म अत्यावश्यकीय र प्रत्यक्षरुपले उत्पादन तथा रोजगारीसँग जोडिएका बाहेक ठूला सरकारी भवन, विमानस्थललगायत अन्य अनुत्पादक संरचना आदिको निर्माण बन्द गर्नु पर्छ,
- परियोजनाका लागि वातावरणीय मूल्याङ्कनको विधि र प्रक्रियालाई पारदर्शी बनाएर कडाइका साथ लागू गर्नु पर्छ ।

- बसाइँ सराईलाई व्यवस्थित बनाउन र खासगरी पहाडको बसाई सराईलाई रोक्न पहाडको अर्थतन्त्रमा ध्यान दिनु पर्छ । पशुपालन, जडिबुटी, फलफूललगायतका उत्पादनमा बृद्धि गर्न र एकीकृत बस्ती तथा शहरहरू निर्माणमा ध्यान दिनु पर्छ ।

**सुशासन :**

अहिले सरकारी प्रशासनिक, न्यायिक तथा राजनीतिक क्षेत्रको भ्रष्टाचार सुशासनका लागि सबैभन्दा ठूलो अवरोध बनेको छ । तर राजनीतिक पार्टीहरूको संरचना र कार्यप्रणालीले नै भ्रष्टाचारलाई निरूत्साहित र दण्डित गर्ने ग्यारण्टी नगरेसम्म त्यसको प्रभावकारी नियन्त्रण हुन सक्दैन, अर्थात् राजनीतिक नेताहरू भ्रष्टाचारमुक्त छन् भन्ने विश्वास सिर्जना गर्नु अत्यन्तै जरूरी भएको छ । त्यसो नगरी आजका सङ्कटलाई समाधान गर्नका लागि राष्ट्रिय विश्वास सिर्जना हुन सक्दैन । त्यसका लागि हाम्रो प्रस्ताव छः

- अहिलेसम्म सार्वजनिक पदमा रहेका राजनीतिक, प्रशासनिक तथा न्यायिक क्षेत्रका सबैको सम्पत्ति

छानविन गर्न संवैधानिक तथा कानूनी प्रबन्धका साथ एउटा शक्तिशाली सम्पत्ति छानवीन आयोग गठन गर्नु पर्छ,

- विषय विज्ञहरूबिच प्रतिस्पर्धाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन हुने व्यवस्था गर्नु पर्छ,
- भ्रष्टाचार सम्बन्धी विषय आकर्षित हुने अवस्थामा तीनै तहका सरकारका नीतिगत निर्णयको परिक्षण हुने व्यवस्था गर्नु पर्छ,
- पूर्ण समानुपातिक निर्वाचन प्रणालीको संवैधानिक व्यवस्था गर्नु पर्छ,
- संसदमा बहुमत हुने दलको नेता प्रधानमन्त्री हुने तर विधायकहरू मन्त्री हुन नपाउने र प्रधानमन्त्रीले संसद बाहिरबाट मन्त्री चयन गर्ने गरी संवैधानिक व्यवस्था गर्नु पर्छ,
- सङ्घीय प्रणालीको प्रभावकारीता, खासगरी प्रदेश तहको प्रभावकारीताका लागि आवश्यक संवैधानिक व्यवस्थाका तथा कानूनी प्रबन्ध गर्नु पर्छ,

- एकजना व्यक्ति दुईपटकसम्म मात्र प्रधानमन्त्री हुन, बढीमा चारपटक मन्त्री र सांसद हुन पाउने व्यवस्था गर्नु पर्छ ।
- भ्रष्टाचारजन्य काम गरेको प्रमाणका आधारमा पालिका परिषद्को दुई तिहाई बहुमतले पालिकाका पदाधिकारीलाई हटाउने सक्ने र सोही कारणले सम्बन्धित पार्टीले प्रत्याह्वान गर्न सक्ने व्यवस्था गर्नु पर्छ,
- सबै आर्थिक कारोवार डिजिटल माध्यमबाट गर्ने व्यवस्था लागू गर्नु पर्छ,
- तोकिएको सेवा वा जिम्मेवारीको पारदर्शी परिणामका आधारमा कर्मचारीको मूल्याङ्कन हुने व्यवस्था गर्नु पर्छ,
- कानूनबमोजिम दिनु पर्ने सेवामा ढिलाई गरेको वा सेवा रोकेको अवस्थामा कर्मचारीमाथि कार्यवाही हुने व्यवस्था गर्नु पर्छ ।

भ्रष्टाचारको प्रभावकारी नियन्त्रण गर्न सक्दा राजस्वमा गुणात्मक बृद्धि हुनेछ र उत्पादन पनि बढ्ने छ ।

**सामाजिक :**

संविधानमा हामीले महिला, दलित, असक्त, बालबालिका, पछाडि परेका अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्तिका हक-अधिकारहरू सुनिश्चित गरेका छौँ । हाम्रो संविधानले तिनको प्रभावकारी कार्यान्वयन गर्दै समुन्नत, सभ्य, समृद्ध तथा समाजवादी समाजको परिकल्पना गरेको छ । तर अहिले पनि हाम्रो समाजमा विभिन्न खालका महिला हिंसा, छुवाछुत, भेदभाव, कुरिती, अन्धविश्वासजस्ता गलत परम्पराहरू अभ्यासमा छन् । ती हाम्रो लोकतान्त्रिक गणतन्त्रका कलङ्क हुन् । त्यसैलै :

- जातीय, लैङ्गिकलगायत सबै खालका भेदभाव, छुवाछुत, दमन तथा उत्पीडनका विरुद्ध अझ प्रभावकारी कानूनी तथा प्रशासनिक व्यवस्था गर्नु पर्छ,
- सामाजिक जागरण ती गलत परम्पराको विरुद्ध ठूलो उपचार हो भन्ने तथ्यलाई ध्यान दिँदै हाम्रा शैक्षिक संस्था, सञ्चार माध्यम र राजनीतिक पार्टीका अभियानहरू सञ्चालन गर्नु पर्छ ।
- बालबालिका र किशोर-किशोरीलाई सामाजिक

सञ्जालका नकारात्मक प्रभावबाट बचाउन उपायहरू प्रयोगमा ल्याउन ढिलो भैसकेको कुरालाई ध्यान दिँदै सामाजिक सञ्जालको प्रयोगलाई तथ्यमा आधारित, स्वस्थ र मर्यादित बनाउन आवश्यक कानून बनाउनु पर्छ ।

- मिटरब्याज, सहकारी तथा अन्य प्रकारका ठगी तथा धोकापूर्ण गतिविधिहरूलाई कार्यवाहीको दायरामा ल्याउनु पर्छ र जनताले सहज र भरपर्दो ऋण पाउने व्यवस्था गर्नु पर्छ ।
- सबै नागरिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा ल्याउनु पर्छ ।
- भूतपूर्व प्रहरी तथ सैनिकहरू विशेष किसिमले प्रशिक्षित जनशक्ति हो जसमा राज्यको लगानी भएको छ । उत्पादन र सामाजिक परिचालनमा तिनीहरूको क्षमतालाई प्रयोग गर्ने गरी कार्यक्रम बनाउनु पर्छ ।

**पर्यावरण :**

पर्यावरण तथा जलवायु सङ्कटले आर्थिक विकासका शर्तहरूलाई पुनर्विचार गर्नु पर्ने बनाएका छन् । साथै

जीवाश्म इन्धनको ठाउँमा हरित उर्जाका क्षेत्रहरू विस्तार हुँदैछन् । त्यसैले,

- जीवाश्म इन्धनलाई जल विद्युतद्वारा विस्थापित गर्दै र संसार उर्जा संक्रमणबाट गुज्रिँदै गरेको अवस्थामा सौर्यलगायत अन्य श्रोतहरूको तयारीमा ध्यान दिनु पर्छ ।
- पर्यावरणीय सन्तुलन कायम राख्न बन्य तथा जलजन्तु र बन जङ्गलको सुरक्षामा ध्यान दिनु पर्छ ।
- बस्ती तथा सहरीकरणलाई व्यवस्थित गर्दै पूर्वाधार निर्माणका कामले पर्यावरणीय सन्तुलनमा हानी नपुऱ्याउन् भन्ने कुरामा ध्यान दिनु पर्छ ।

**विदेश नीति :**

हाम्रो भूराजनीति र अहिलेको विश्व राजनीतिका अन्तरविरोधहरूले गर्दा विदेश नीतिमा हामीले विशेष ध्यान दिनुपर्छ । सन् १९५० लगायत असमान सन्धि-सम्झौताहरू खारेज गर्नु पर्नेछ, कालापानी-लिपुलेकसमेत मिचिएको भूमि फिर्ता गरेर देशको सिमानाको रक्षा गर्दै आजको शीतयुद्धउन्मुख अन्तरराष्ट्रिय परिस्थितिमा हाम्रो

स्वाधिनता, स्वतन्त्रता तथा सार्वभौमिकताको रक्षा गर्नु पर्नेछ। तर हाम्रो विदेश सम्बन्धले कैयन् अवस्थामा राष्ट्रिय हितलाई प्रत्याभूत गर्न नसकेको, सरकार फेरिएअनुसार विदेश नीतिको व्याख्या हुने गरेको, सन्धी-सम्झौताहरू विवादित हुने गरेको र कतिपय अवस्थामा मुलुकका ठूला जिम्मेवारीमा पुगेका व्यक्तिहरूले गैरजिम्मेवार अभिव्यक्ति दिने गरेको जस्ता असङ्गतिहरू ब्यहोरिरहेको छ। त्यसैले ः

- संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशीलका सिद्धान्त र हाम्रो संविधानले निर्देशित गरेका सिद्धान्तहरूका सन्दर्भमा बदलिँदो विश्व व्यवस्था, खासगरी उदाउँदो ग्लोबल साउथ र बहुध्रुवीय विश्वका अवसर र चुनौतिको आधारमा समग्र विदेश सम्बन्धको पुनरावलोकन गर्नु पर्छ,
- राष्ट्रिय पुँजीको विकास गर्दै समृद्ध तथा समाजवादी नेपालको निर्माणका आवश्यकताअनुसार द्विपक्षीय, बहुपक्षीय र अन्तरराष्ट्रिय सम्बन्धलाई विविधिकरण गर्ने मार्गचित्र निर्माण गर्नु पर्छ,
- हाम्रो भूमि दुई छिमेकीहरूको सुरक्षा विरुद्ध कसैले प्रयोग गर्न नपाओस् भन्ने कुरालाई हामीले पूर्णतः

ध्यान दिनुपर्छ र त्यसका लागि उनीहरूसँग सूचना, प्रविधि तथा उपकरणहरू आदानप्रदान गर्नु पर्छ तर हाम्रो भूमि र सीमाको सुरक्षा र नियमनको हाम्रो अधिकारलाई स्थापित गर्नु पर्छ ।

- भारतले मिचेको लिपुलेकसम्मको भूमिमा नेपालको अधिकार कायम गर्न पर्याप्त कूटनीतिक तयारीका साथ प्रभावकारी पहल गर्नु पर्छ,

**प्रवासी श्रमिक, गैर आवाशीय नेपाली र भूपू गोर्खा :**
श्रमिकका रुपमा विदेश गएका र गैर आवासीय नेपालीहरूको सङ्ख्या, त्यसका अवसर र चुनौति ज्वलन्तरुपले अगाडि आएका छन् । राज्यबाट उनीहरूले पाउनु पर्ने संरक्षण, सहयोग र प्रोत्साहन नहुँदा उनीहरूले पाउनु पर्ने मर्यादा र गौरवमा आँच पुगेको छ भने त्यसबाट राष्ट्रले उनीहरूबाट प्राप्त गर्न सक्ने सामाजिक, आर्थिक, प्राविधिक लाभहरू पनि प्राप्त गर्न सकेको छैन । यो अवस्था लामो समय रहन दिनु हुँदैन । त्यसैले :

- अन्तरराष्ट्रिय श्रम तथा मानवअधिकारअनुसार वैदेशिक रोजगारीमा गएका सबै श्रमिकहरूको

परिचय, न्यूनतम ज्याला, कामको उपयुक्त अवस्था, आवास, बिमालगायत अधिकार र सुरक्षाको लागि आवश्यक नीति निर्माण गरेर त्यसअनुसार कूटनीतिक तथा राजनीतिक पहल गर्नु पर्छ,

- वैदेशिक श्रममा जाने नेपालीहरूले हाम्रै देशमा र गन्तव्य मुलुकका हाम्रा नियोगहरूबाट पनि नागरिक मर्यादासम्म नपाएको लज्जास्पद अवस्था तत्काल अन्त्य गरी अनेक झञ्झट ब्यहोर्नु पर्ने र अपमानित हुनु पर्ने अवस्थालाई तुरुन्तै अन्त्य गर्नु पर्छ,
- गैर आवासीय नेपालीहरूले मागिरहेको र संविधानले प्रत्याभूत गरेका अधिकारहरू कार्यान्वयन गर्न आवश्यक कानूनी तथा प्रशासनिक व्यवस्था यथाशिघ्र गर्नु पर्छ ।
- भूपू गोर्खा सैनिकका समान पेन्सन सम्बन्धी मागहरू पूरा गराउन बेलायती सरकारसँग भैरहेको कूटनीतिक प्रयासलाई अझ प्रभावकारी बनाउनु पर्छ ।

**आदरणीय दाजुभाइ, दिदीबहिनीहरू,**
हामी विश्वव्यापीरुपमा ठूला उथलपुथलको युगमा छौँ । संसारभरी हिजोका सँस्था, मान्यता र विश्वासहरू डगमगाउँदै गरेको, भत्किँदै गरेको तर नयाँ संस्थाहरू नबनिसकेको, व्यवस्थाहरू नजन्मिसकेको र मान्यता र विश्वासहरू स्थापित नभइसकेको युगमा छौँ । नेपाली समाजले पनि कोल्टे फेर्दैछ, हिजोका मानकहरू भत्किँदै छन् त्यसले समाजमा र खासगरी राजनीतिमा असाधारण छटपटी देखिएको छ। इतिहासमा कैयौँ पटक हामीलाई सङ्कटहरूले हल्लाएक हुन्, हाम्रा सुझबुझ र एकताका बलमा हामीले ती सङ्कटहरू पार गर्दै आएका छौँ। यसलाई पनि हामी सबै मिलेर चिर्ने छौँ।

यस निर्वाचनमा धेरैजसो पार्टीहरू चुनाव जितेर सरकार बनाउने अनेक बाचा र आश्वासनका साथ जनतामाझ आएका छन् । तर पुराना र नयाँ पार्टीहरूमध्ये जसले जिते पनि मुलुकले निकास पाउँदैन। किनकी पुरानाहरू नालायक भैसकेका छन् र नयाँहरू पुरानालाई गाली गरेर मात्रै आएका छन्। हामी नेपाली आजसम्म किन पछि पर्‍यौँ भन्ने प्रश्नको

उत्तर यी दुवै थरीले दिँदैनन् । लामो समयदेखि हाम्रो देश अलमल र कचिङ्गलमा छ । यसले एउटा बिल्कुलै नयाँ सङ्कल्प र नयाँ बाटो खोजेको छ । त्यो बाटो यिनीहरूले दिँदैनन् । एउटा नयाँ प्रस्तावका साथ, जनजागरण, जनपरिचालन र जनसंघर्षको लामो बाटो हिँड्ने कबोलका साथ हाम्रो पार्टी तपाईंहरूको अगाडि आएको छ। हामीलाई प्राप्त हुने  तपाईंहरूको हरेक मतलाई हामीले नयाँ नेपाल निर्माणको ईंट्टाका रुपमा प्रयोग गर्ने छौं ।